# सुनवल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

नवलपरासी (बर्दघाट - सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः ०८१/८२
चलानी नं.:

## नदीजन्य पदार्थ (ढुङ्गा) को लिलाम बिक्रीका लागि शिलबन्दी दरभाउ आव्हान सम्बन्धी सूचना।

(तेश्रो पटक प्रकाशित मितिः २०८१/११/१२)

सुनवल नगरपालिका परिसरमा संकलन गरिएको तपसिलको परिमाणको नदीजन्य पदार्थ (ढुङ्गा) लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक फर्महरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही १५ (पन्ध्र) दिनभित्र शिलबन्दी दरभाउ प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>तपशिल</u>

| क्र.सं. | शिलबन्दी नं. | शिलबन्दीको नाम | जम्मा परिमाण (घ.फि.) | न्यूनतम शिलबन्दी रकम (मू.अ. कर बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | 13.SUN/SQ/2081-82 | नदीजन्य पदार्थ (ढुङ्गा) लिलाम बिक्री नगरपालिका परिसर | ३३७२२ | ९५५४७० | |

- नदीजन्य पदार्थ (ढुङ्गा) को न्यूनतम दर प्रति घनफिट रू. २८.३४ (मू.अ.कर बाहेक) निर्धारण गरिएको छ।
- उल्लेखित न्यूनतम शिलबन्दी रकममा १३% मू.अ.कर र १.५% अग्रिम आयकर लाग्नेछ।

<u>शर्तहरूः</u>

१. शिलबन्दी फाराम दस्तुर रु. १०००/- Local Revenue – LLRP मोबाइल एप्स, Local Level Revenue Portal, वा सुत्र राजस्व मोड्युल मार्फत एन.आइ.सी. बैंक लिमिटेड सुनवल शाखाबाट वा सुनवल नगरपालिकाको राजस्व शाखाबाट नगद जम्मा गरेको भौचर सहित यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र **bolpatra.gov.np** मार्फत शिलबन्दी फाराम डाउनलोड तथा अपलोड गर्न सकिनेछ।

२. शिलबन्दी फाराम भर्दा प्रति घनफिट कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

३. आफूले कबोल गरेको कुल रकमको <u>१० (दश) प्रतिशत</u>को दरले हुन आउने धरौटी रकम एन.आइ.सी. एसिया बैंक लिमिटेड सुनवल शाखामा रहेको <u>सुनवल नगर कार्यपालिका धरौटी खाता,</u>



शेष कान्त पौडेल
प्रमुख प्रशासकीय अधिकृत

पत्र संख्याः ०८१/८२

चलानी नं.:

खाता नं. 96CA500968524004 मा जम्मा गरी सोको सक्कल बैंक भौचर सिलबन्दी साथ अपलोड गर्नु पर्नेछ।

४. खरिद गरेको शिलबन्दी फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी शिलबन्दीदाताले प्रत्येक पानामा सही छाप साथ फर्मको नाम, ठेगाना, कामको विवरण, शिलबन्दी विवरण, प्रोपराइटरको नाम, ठेगाना, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिन दिनको १२ (बाह्र) बजेभित्र प्रणालीमा अपलोड गरिसक्नु पर्नेछ।

५. एउटा फर्म वा कम्पनीको नाममा खरिद गरिएको शिलबन्दी अर्को फर्म वा कम्पनीका नामबाट दाखिला गर्न पाइने छैन।

६. रीतपूर्वक पर्न आएका शिलबन्दी सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको दिउसो २ (दुई) बजे यस कार्यालयका प्रतिनिधि, शिलबन्दीदाताका प्रतिनिधिहरु (उपस्थित नभएपनि) यस कार्यालयमा अनलाइन दरभाउपत्र खोलिनेछ।

७. शिलबन्दी सम्बन्धी विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

८. शिलबन्दी स्वीकृत भएमा सोको सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कबोल गरेको रकममा थप १३ प्रतिशत भ्याट रकम र १.५ प्रतिशत अग्रिम आयकर समेत बुझाई नदीजन्य पदार्थ (ढुङ्गा) उठाउने कार्यादेश लिनुपर्नेछ।

९. तोकिएको म्यादभित्र कार्यादेश लिन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार शिलबन्दी बन्दोवस्त गरिनेछ।

१०. कार्यादेश लिएको ७ (सात) दिनभित्र नदीजन्य पदार्थ (ढुङ्गा) बिक्री स्थलबाट ढुवानी गरी बिक्री वा प्रचलित कानूनले तोकेको मापदण्ड अनुसारको स्थानमा अनुमति लिई स्टक गर्नुपर्नेछ।

११. अन्य शर्तहरु प्रचलित कानून बमोजिम हुनेछन्।

(शेष कान्त पौडेल)

प्रमुख प्रशासकीय अधिकृत

शेष कान्त पौडेल
प्रमुख प्रशासकीय अधिकृत